# अनुसूची-६३

(नियम ६० सँग सम्बन्धित)

ट्राफिक संकेत

## १. प्रतिबन्धात्मक चिन्हहरू (Regulatory Signs)

(क) रोक र जान देऊ

अष्टाकार भई रातो रङ्गको भूँई र कालो रङ्गको किनारा भएको ।

(ख)




मूल सडक र घुम्तीमा गति कम गरी जान देऊ

घोप्टे त्रिभुजाकार भई सेतो रङ्गको भूँई र रातो रङ्गको किनारा भएको ।

(ग)




प्रवेश निषेध

गोलाकार भई रातो रङ्गको भूँई, सेतो किनारा र वीचको खण्डको भूँई सेतो भएको ।

(घ)



नक्सामा देखाइएका वस्तुको प्रवेश निषेध

गोलाकार भई सेतो रङ्गको भूँई, रातो रङ्गको किनारा र बीचमा बायाँबाट दायाँ तर्फ छड्के पारी कोरिएको रातो रङ्गको छड्के व्यास भएको ।

नेपाल कानून आयोग

(ङ)




उल्लेखित लम्बाई भन्दा लामो सवारी प्रवेश निषेध

गोलाकार भई सेतो रङ्गको भूँई, रातो रङ्गको किनारा भएको ।

(च)




उल्लेखित उचाई भन्दा अग्लो सवारी प्रवेश निषेध

गोलाकार भई सेतो रङ्गको भूँई र रातो रङ्गको किनारा भएको ।

(छ)




उल्लेखित चौडाई भन्दा अग्लो सवारी प्रवेश निषेध

गोलाकार भई सेतो रङ्गको भूँई र रातो रङ्गको किनारा भएको ।

(ज)




उल्लेखित कुल भारवहन क्षमता भन्दा बढी भार भएको सवारी प्रवेश निषेध

गोलाकार भई सेतो रङ्गको भूँई रातो रङ्गको किनारा भएको ।

नेपाल कानून आयोग

(झ)



धुरी तौलको सीमा

गोलाकार भई सेतो रङ्गको भूँई रातो रङ्गको किनारा भएको ।

(ञ)



पार्किङ्ग र पर्खाइ निषेध

गोलाकार भई सेतो रङ्गको भूँई र रातो रङ्गको किनारा र वीचमा अंग्रेजी अक्षरको “P” लेखी बायाँबाट दायाँ तर्फ छड्के पारी कोरिएको रातो रङ्गको छड्के व्यास भएको ।

(ट)



रोक्नका लागि निषेध

गोलाकार भई नीलो रङ्गको भूँई रातो रङ्गको किनारा बीचमा गुणन चिन्ह पारी कोरिएको रातो रङ्गको व्यास भएको ।

(ठ)

गोलाकार भई सेतो रङ्गको भूँई र रातो रङ्गको किनारा बायाँ तलबाट दायाँ माथि तर्फ छड्के पारी कोरिएको रातो रङ्गको छड्के व्यास भएको । कालो रङ्गको धर्सो दायाँबाट बायाँ घुमेको ।

उछिनेर जानका लागि निषेध

(ड) रोक, हेर र जाऊ

गोलाकार भई सेतो रङ्गको भूँई र रातो रङ्गको किनारा भएको वीचमा कालो रङ्गको खण्ड तेर्सो पारी कोरिएको ।

नेपाल कानून आयोग

(ढ)



दायाँ जान निषेध

गोलाकार भई सेतो रङ्गको भूँई र रातो रङ्गको किनारा वीचमा बायाँ माथिबाट दायाँ तल छड्के पारी कोरिएको रातो रङ्गको व्यास भएको । कालो रङ्गको धर्सो बायाँबाट दायाँ घुमेको ।

(ण)



बायाँ जान निषेध

गोलाकार भई सेतो रङ्गको भूँई र रातो रङ्गको किनाराबीचमा दायाँ माथिबाट बायाँ तलसम्म छड्के पारी कोरिएको रातो रङ्गको व्यास भएको । कालो रङ्गको धर्सो दायाँबाट बायाँ घुमेको ।

(त)



अंग्रेजी “यु” अक्षरको घुमाइ घुम्न निषेध

गोलाकार भई सेतो रङ्गको भूँई रातो रङ्गको किनारा भएको, वीचमा वायाँबाट दायाँ माथि छड्के पारी कोरिएको रातो रङ्गको व्यास भएको अंग्रेजी “U” अक्षर पारी माथिबाट तल कोरिएको कालो रङ्गको धर्सो भएको ।

(थ)



हर्न बजाउन निषेध

गोलाकार भई सेतो रङ्गको भूँई, रातो रङ्गको किनारा भएको वीचमा वायाँ माथिबाट दायाँ तल पारी कोरिएको रातो रङ्गको छड्के व्यास र हर्नको नक्सा भएको ।

नेपाल कानून आयोग

(द)




उल्लेखित अङ्क भन्दा बढीको गतिमा सवारी चलाउन निषेध

गोलाकार भई सेतो रङ्गको भूँई रातो रङ्गको किनारा भएको बीचमा अङ्क लेखिएको ।

(ध) उल्लेखित अङ्कको गति सीमा अन्त

गोलाकार भई सेतो रङ्गको भूँई कालो रङ्गको किनारा भएको बीचमा अङ्क लेखि दायाँ-बायाँ अङ्कलाई काटी कालो धर्सो कोरिएको ।

(न)




एक छिन रोक

गोलाकार भई रातो रङ्गको भूँई सेतो रङ्गको किनारा भएको बीचमा अंग्रेजीमा STOP वा नेपालीमा रोक लेखिएको ।

(प) जाऊ

गोलाकार भई हरियो रङ्गको भूँई र सेतो रङ्गको किनारा भएको, बीचमा अंग्रेजीमा GO वा नेपालीमा जाऊ लेखिएको ।

(फ) बन्देज समाप्त

गोलाकार भई सेतो रङ्गको भूँई हरियो रङ्गको किनारा भई बीचमा वायाँ तलबाट दायाँ माथि तर्फ हरियो रङ्गको ४ वटा धर्सा कोरिएको ।

नेपाल कानून आयोग

(ब)



सिधा जानलाई खुला

गोलाकार भई नीलो आकासे रङ्गको भूँई सेतो रङ्गको किनारा भएको, तलबाट सिधा माथि तर्फ सेतो एरो दिइएको ।

(भ)



बायाँ जाऊ

गोलाकार भई नीलो आकासे रङ्गको भूँई सेतो रङ्गको किनारा भएको, दायाँबाट वायाँ सिधा सेतो रङ्गको एरो कोरिएको ।

(म)



सवारी बायाँ तर्फ च्यापी चलाऊ

गोलाकार भई नीलो आकासे रङ्गको भूँई, सेतो रङ्गको किनारा भएको, दायाँ माथिबाट वायाँ तल तर्फ सेतो रङ्गको एरो कोरिएको ।

(य)

अगाडि गएर बायाँ जाऊ

गोलाकार भई नीलो आकासे रङ्गको भूँई सेतो रङ्गको किनारा भएको, दायाँ तलबाट माथि लगि पुनः वायाँ तर्फ सेतो एरो कोरिएको ।

(र)

गोलाकार भई नीलो आकासे रङ्गको भूँई सेतो रङ्गको किनारा भएको, सिधा र वायाँ तर्फ दुवै तिर सेतो रङ्गको एरो कोरिएको ।

अगाडि जाऊ वा वायाँ घुम

नेपाल कानून आयोग

| | |
|---|---|
| (ल) घुम्ती आउँदैछ । (दायाँ तर्फबाट आउने सवारीलाई बाटो देऊ) | गोलाकार भई नीलो आकासे रङ्गको भूँई सेतो रङ्गको किनारा भएको, र वायाँ तर्फ सम्मुख पारी सेतो रङ्गको एरो कोरिएको । |
| (व) दायाँ वा वायाँ दुवै तिर जान सकिने | गोलाकार भई नीलो रङ्गको भूँई सेतो रङ्गको किनारा भएको र दायाँ र वायाँ तर्फ सम्मुख पारी माथिबाट तल सेतो रङ्गको एरो कोरिएको । |
| (श) एकतर्फी बाटो | चतुर्भुजाकार भई निलो आकासे रङ्गको किनारा भएको र तलबाट माथि सिधा सेतो रङ्गको एरो कोरिएको । |

नेपाल कानून आयोग